**मिति २०७४/०७/२४ गते बसेको सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठकका निर्णयहरू**

**१. प्रस्ताव नं १** मा छलफल गर्दा यस ढोरचौर गाउँपालिका क्षेत्रभित्र नयाँ घरहरु निर्माण गर्दा सम्भव भएसम्म एकिकृतरुपमा निर्माण गर्ने र छरिएर घरहरु निर्माण नगर्ने।एकिकृत बस्ती विकास गर्न कसैलाई जग्गा उपलब्ध हुन नसकेमा जग्गा साटफेर गरेर घर निर्माण गर्न जनप्रतिनिधिहरुले प्रोतसाहन गर्ने।

यस गाउँपालिकाको अन्तर्गतका बजारमा विकास हुन सक्ने तपसिलका ठाउँहरु प्रचलित कानून अनुसार नक्सा पास नगरी घर निर्माण गर्न नपाउने। र नक्सा पास नगर्नुपर्ने नयाँ कच्ची घर निर्माण गर्दा वडा कार्यालयको अनुमति लिनुपर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल

१. ढोरचौर बजार क्षेत्र ।

२. राप्ती राजमार्ग अन्तर्गतका ढोरचौर बजार, चाख्लीघाट पटारे र मोख्ला क्षेत्र।

३. ढोरचौर गा पा अन्तर्गत वल्लो पल्लो उचाल्ने बजार क्षेत्र, कालालेक बजार क्षेत्र, चिनाली बजार क्षेत्र, छापडाँडा बजार क्षेत्र, त्रिबेणी बजार क्षेत्र र फलाटे बजार क्षेत्र।

**२. प्रस्ताव नं २** मा छलफल गर्दा यस ढोरचौर गाउँपालिका क्षेत्रभित्र संचालित पुराना ब्यापार ब्यावसाय तथा नयाँ ब्यापार व्यावसाय संचालन गर्न अनिवार्य रुपमा गाउँपालिकामा तीन महिना भित्र दर्ता गर्नुपर्ने सर्वसम्मत निर्णय गरियो।

**३. प्रस्ताव नं ३** मा छलफल गर्दा यस ढोरचौर गाउँपालिका क्षेत्रभित्र जग्गा भवन तथा धरजग्गाको लागि प्लटीङ तथा कित्ताकाट गर्दा गाउँपालिकाको अनिवार्य अनुमति लिनुपर्ने सर्वसम्मत निर्णय गरियो।

**४. प्रस्ताव नं ४** मा छलफल गर्दा यस ढोरचौर गाउँपालिका क्षेत्रभित्र मदिरा तथा मदिरा जन्य पदार्थ विहान पाँच बजे देखि बेलुका पाँच बजे सम्म र राती नौ बजेपछि बिक्री वितरण गर्न

नपाउने। अठार बर्ष भन्दा मुनीका बालबालिकालाई मदिरा बिक्री विरतरण गर्न नपाउने। कसैले पनि गाउँपालिकाको अनुमति नलिइ मदिराजन्य पदार्थ बिक्री वितरण गर्न पाउने छैन। यदि कसैले यस नियम विपरित विक्री गरेको पाइएमा पहिलो पटकलाई रु २००० दोस्रो पटक रु ५००० र तेस्रो पटक रु १०००० जरिवाना सहित विक्री वितरणको ईजाजत पत्र नै खारेज गरिनेछ। साथै नियम विपरित मदिरा सेवन गरेको पाइएमा पहिलो पटक सार्वजनिकरुपमा कार्वाही गरिनेछ र दोस्रो पटक उलंघन गरेमा कानून सम्मत कार्वाही गरिनेछ। ढोरचौर गाउँपालिका क्षेत्रभित्र  जुवातास खल्ने खलाउने कार्य निषेध गरिएकोछ। कसैले जुवा तास खल्ने खेलाउने कार्य गरेको पाइएमा कानून सम्मत कार्वाही गरिने सर्वसम्मत निर्णय गरियो।

**५. प्रस्ताव नं ५** मा छलफल गर्दा कृषि र पशु सेवा अनर्तगत यस गाउँपालकाले विनियोजन गरेको रकमको अधिनमा रही यस गाउँकार्यपालिकाका सम्बन्धित शाखाबाट पेश भएका कार्यक्रमहरुलाई यस बैठकको सुझाव अनुरुप आवश्यक परिमार्जन सहित पारित गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो।

**६. प्रस्ताव नं ६** मा छलफल गर्दा गैरसरकारी संस्थाहरु वातावरण तथा कृषि  नीति अनुसन्धन, प्रसार एवं विकास केन्द्र (सिप्रेड), मानसिक सवास्थ्य तथा परामर्श केन्द्र नेपाल, दलित विकास समाज, सल्यानले यस ढोरचौर गाउँ कार्यपालिकामा पेश गरेका वार्षिक कार्यक्रम तथा बजेट अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

**७. प्रस्ताव नं ७** मा छलफल गर्दा ढोरचौर गाउँसभाबाट पारित पुँजिगत अन्तर्गतको विद्यालय सहयोग कार्यक्रमलाई विद्यालय अनुदान शिर्षक चालुमा रकमान्तर गर्ने र अनुमोदनको लागि यस पछि बस्ने गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**८. प्रस्ताव नं ८** मा छलफल गर्दा ढोरचौर गाउँपालिकामा संचालित हुन गइरहेको उद्यम शिलता विकास तालिमको लागि सहभागीहरुलाई खाजा तथा यातायात खर्चको लागि गाउँपालिकाको तर्फबाट एकमुष्ट रु २०००० तालिम शिर्षकबाट खर्च लेखी सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो।